# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, चैत्र २५ गते २०३१ साल [संख्या ५१

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

बिरुवा संरक्षण ऐन, २०२९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यभित्र देहायका बिरुवा–उत्पादन पैठारी गर्न देहायबमोजिम निषेध गरेको छः–

(१) मकै (Zea Mays)

(क) कुनै पनि देशबाट मकैको बेर्ना पैठारी गर्न निषेध गरिएको छ ।

(ख) ब्याक्टेरियल बिल्ट रोगको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्नबमोजिम मकैको बीउ पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित रोग | प्रतिबन्धित देशहरू |
|---|---|
| ब्याक्टेरियल बिल्ट (xanthomonas Stewartii) | क्यानाडा, प्यूर्टोरिको, संयुक्तराज्य अमेरिका, ईटाली, सोभियत संघ र यो रोग फैलिएको अन्य देशहरू |

806

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सूर्ती (Nicotiana Tabacum)

(क) कुनै पनि देशबाट सूर्तीको बेर्ना पैठारी गर्न निषेध गरिएको छ।

(ख) अन्य देशबाट पैठारी गरिने बीउ सिल्भर नाइट्रेटको ०.१ प्रतिशत घोलमा १५ मिनेट-सम्म डुबाइएको थियो भन्ने औपचारिक प्रमाण-पत्र साथमा हुनुपर्दछ।

(ग) उपभोगको लागि तयार भई नसकेको सूर्ती पैठारी गर्दा पैठारी गरिने सुर्ती टोवाको मोथ (Ephestia Elutella) कीराबाट मुक्त छ वा उक्त कीरा उत्पादक देशमा छैन भन्ने औपचारिक प्रमाण-पत्र साथमा हुनुपर्दछ।

(घ) टोवाको मोथ कीरा र ब्लुमोल्ड रोगको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्न-बमोजिम सूर्तीको बीउ पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित रोग तथा कीरा | प्रतिबन्धित देशहरू |
|---|---|
| टोवाको मोथ (Ephestia Elutella) | अमेरिका, कंगो, मोजाम्बिक, पश्चिम अफ्रिका र यो कीरा फैलिएको अन्य देशहरू। |
| ब्लुमोल्ड (Peronospora Tabacina) | अष्ट्रेलिया, उत्तर अमेरिका र दक्षिण अमेरिका |

(३) उखु (Saccharum Officinarum)

(क) अन्य देशबाट पैठारी गरिने उखुका कलमीहरू विनाशकारी रोग तथा कीराहरू विशेष गरी सुगरकेन मोज्याक भाइरस रोग, सुगरकेन फिजो भाइरस रोग, पाइन रूपल रोग, सेरेह रोग, गमोसिस न्याटुन भाइरस रोग र ग्रासी सूट भाइरस रोगबाट मुक्त भएको औपचारिक प्रमाण-पत्र साथमा हुनुपर्दछ।

(ख) विनाशकारी रोग तथा कीराको प्रवेश रोकन निम्नलिखित देशहरूबाट निम्नबमोजिम उखूको कलमी पैठारी गर्न निषेध गरिएको छ।

| प्रतिबन्धित रोग तथा कीरा | प्रतिबन्धित देशहरू |
|---|---|
| गमोसिम (xanthomonas Vasculorum) | अष्ट्रेलिया, दक्षिण अमेरिका, मेक्सीको, वेष्ट इण्डिज, रियूनियम, मरिशस, मेडरा, दक्षिण अफ्रिका, मलागासी, इण्डोनेशिया। |
| रटन भाइरस रोग (Ratoon Virus) | अष्ट्रेलिया, अफ्रिका, हवाई, मेक्सीको, वेष्ट इण्डिज, प्यूर्टोरिको, संयुक्तराज्य अमेरिकाको |

९०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | । जुजीयानार फ्लोरिडा राज्यहरू फिजी मध्ये । अमेरिका, फिलीपिन्स, ताइवान । |
| रूपल रोग (Ceratostomella Pardoxa) | । पाइन रूपल रोग फैलिएका देशहरू । |
| सेरेह रोग | । सेरेह रोग फैलिएका देशहरू । |
| सुगरकेन मोज्याक भाइरस रोग | । सुगरकेन मोज्याक भाइरस रोग फैलिएका । देशहरू । |
| ग्रासी शुट भाइरस रोग | । ग्रासी शुट भाइरस रोग फैलिएका देशहरू । |
| सुगरकेन फिजी रोग | । फिजी र यो रोग फैलिएका अन्य देशहरू । |
| स्टाक बोरर (Diatraea Species) | । संयुक्तराज्य अमेरिका, मेक्सीको, वेष्ट ईण्डिज, । मध्य अमेरिका, दक्षिण अमेरिका । |
| सुगरकेन रूट स्टक बोरर बिभिल (Diaprepes Abbreviatus) । | । वेष्ट ईण्डिज |
| लिफ स्क्याल्ड (xanthomonas Albilineans) | । मलागासी, मरिशस, ताईवान, रियुनियन, हवाई, । कम्बोडिया, भियतनाम, जावा, फिलीपिन्स, । अष्ट्रेलिया । |
| व्हाईट केन ग्रब (Clemona Smithi) | । बार बाडोस, ट्रिनीडाड, मरिशस । । |

(४) अमिलो जातका फलफूलहरू सिट्स स्पेसिज (Citrus Species)

(क) ग्रिनिङ्ग तथा अन्य बिनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न अमिलो जातका फलफूलको बेर्ना तथा कलमीको पैठारी गर्न निषेध गरिएको छ ।

(५) चिया (Thea Sinensis)

(क) बिनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्नबमोजिम चियाको कलमी तथा बेर्ना पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित रोग तथा कीरा | । प्रतिबन्धित देशहरू |
|---|---|
| एक्जोबेसिडियम रेटिकुलेटम (Exobasidium Reticulatum) । | । जापान |

९०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| फलोयम निक्रशिस भाईरस (Phloem Necrosis Virus) । | श्री लंका |

(६) कपास (Gossypium Species)

(क) बिनौला ननिकालिएको (Unginned) कपास पैठारी गर्न निशेध गरिएको छ ।

(ख) पश्चिमी महादेशबाट पैठारी गरिने कपास फयूमिगेशन उपचार गरिएको हुनुपर्छ अन्यथा प्रवेश केन्द्रमा फयूमिगेशन उपचार गरिनेछ ।

(ग) विनाशकारी रोग तथा कीराको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्नबमोजिम कपासको बीउ पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित रोग तथा कीरा | प्रतिबन्धित देशहरू |
|---|---|
| मेक्सीकन कटन बल (Anthonomus Grandis) । | पेरू लगायत उक्त कीरा फैलिएका अन्य देशहरू । |
| बल बिमिल (Anthonomus Species) । | पश्चिमी महादेशका देशहरू । |
| टेक्सास रूट रट (Phymatotrichum Omnivorum) । | मेक्सीको संयुक्तराज्य अमेरिका । |
| फाल्स पिंग बल वर्म (Sacadodes Pyralis) । | ट्रिनिडाड, गायना, भेनेजुयल, कोलम्बिया, कोष्टारिका पनामा, निकारागुआ । |
| लिफ कर्ल भाइरस (Leaf Curl Virus) । | अफ्रिका । |

(७) आलु (Solanum Tuberosum)

(क) कुनै पनि देशबाट पैठारी गरिने आलु डाँठ, पातपजरा र माटोबाट मुक्त हुनु पर्छ ।

(ख) उपभोगको लागि पैठारी गरिने आलु राम्ररी धाईएको वा माटो मुक्त र स्प्रउटिङ्ग ईन्हीबीटरद्वारा उपचार गरिएको हुनुपर्दछ ।

(ग) विनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्न–बमोजिम बीउ पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित रोग तथा कीरा | प्रतिबन्धित देशहरू |
|---|---|

६४० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| कोरोरोडो पाटेटो बिटल (Leptinotarsa Decemlineata) | उत्तर अमेरिका र यूरोपका देशहरू |
| ब्याक्टेरियलरींग रट (Corynevacterium Sepedonicum) | उत्तर अमेरिका, कोष्टा रिका यूरोप, भेनेजूयल, जापान, न्यूजिल्याण्ड । |
| गोल्डन निम्याटोड (Heterodera Rostochiensis) | यूरोप, संयुक्त राज्य अमेरिकाको लंगआईलेण्ड, अल्जेरिया, इजरायल, न्यूजिल्याण्ड, भारतको निलगिरी । |
| ऐंजुरू (वार्ट रोग) (Synchytrium Endobioticum) | दक्षिण अफ्रिका, यूरोप, जापान, उत्तर अमेरिका, भारत (पश्चिम बंगाल) । |

(८) केरा र मुसेसी परिकारका अन्य बिरूवाहरू (Musa Species)

(क) विनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्न-बमोजिम केरा जातका बिरुवा पैठारी गर्न निषेध गरिएको छः-

| प्रतिबन्धित रोग तथा कीरा | प्रतिबन्धित देशहरू |
|---|---|
| मोको रोग (Pseudomonas Solanacearum) | मध्य तथा दक्षिण अमेरिका क्यारिबियन क्षेत्र र यो रोग फैलिएका अन्य देशहरू । |
| बञ्ची टप भाईरस (Bunchy Top) | अमेर, समोआ, श्रीलंका, एलिस द्वीप, फिजी, भारत, पाकिस्थान, न्यू हेब्रिडिज, उत्तर बेर्नियो, वालिश द्वीप, फिलीपिन्स, पश्चिम समोआ । |
| पनामा रोग (Fusarium Oxysporum) | बर्मा, श्रीलंका, फिजी, भारत, इण्डोनेशिया, मलाया, पाकिस्थान, पपुआ, न्यूगिनी, फिलीपिन्स, थाईलैण्ड । |
| रूट निम्याटोड (Radopholus Similis) | रूट निम्याटोड फैलिएका सबै देशहरू । |
| ब्ल्याक लिफ स्ट्रिक रोग (Mycosphaerella Fijiensis) | रूट निम्याटेटाड फैलिएका सबै देशहरू । |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

519

(९) धान (Oryza Sativa)

(क) विनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न कुनै पनि देशबाट धानको बेर्ना वा बोट पैठारी गर्न निषेध गरिएको छ ।

(ख) होजा ब्ल्यांक जस्ता भाईरस रोगहरू फैलिएका देशहरूबाट धानको बीउ पैठारी गर्न निषेध गरिएको छ ।

(१०) शखरखण्ड (Ipomoea Batatas)

भाइरस रोगहरूको प्रवेश रोक्न, कुनै पनि देशबाट शखरखण्डको बेर्ना वा कलमी पैठारी गर्न निषेध गरिएको छ ।

(११) गोलभेंडा (Lycopersicon Esculentum)

(क) विनाशकारी रोग तथा कीराहरूको प्रवेश रोक्न कुनै पनि देशबाट गोलभेंडाको बेर्ना पैठारी गर्न निषेध गरिएको छ ।

(ख) अन्य देशबाट पैठारी गरिने गोलभेंडाको बीउ एसीड एक्सट्राक्टेड (Acid Extracted) वा हिट थेराफी ट्रिट्मेन्ट (Heat Therapy Treatment) उपचार गरिएको हुनुपर्छ ।

(१२) बदाम (Arachis Hypogea)

(क) विनाशकारी रोग तथा कीराको प्रवेश रोक्न कुनै पनि देशबाट बदामको बेर्ना वा बोट पैठारी गर्न निषेध गरिएको छ ।

(१३) ब्रेडफुट (Artocarpus Species)

(क) पिगांलाप रोगको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्नबमोजिम ब्रेडफुटको बेर्ना वा बिरुवा पैठारी गर्न निषेध गरिएको छ ।

| प्रतिबन्धित रोग | प्रतिबन्धित देशहरू |
|---|---|
| पिगांलाप (Pingalap) | गुअाम, पिगांलाप एटोल, ट्रक पोनेप, पिगांलाप द्वीप, किलीद्वीप, नामोरिक, एटोल, साइपान गिल्वर्ट, एलिस द्वीप र अमेरिकी सामोआ । |

(१४) फलफूल तथा सागपात

फुटफलाइज नामक कीराको प्रवेश रोक्न निम्नलिखित देशहरूबाट निम्नबमोजिम फलफूल तथा सागपात पैठारी गर्न निषेध गरिएको छः–

| प्रतिबन्धित कीरा | प्रतिबन्धित देशहरू |
|---|---|

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| फुटफलाइज | । मेक्सीको, मध्य अमेरिका, दक्षिण अमेरिका |
| (Anastraepha Species) | । संयुक्तराज्य अमेरिका, वेष्ट इण्डिज, अफ्रिका, |
| (Ceratitis Species) | । यूरोप, अष्ट्रेलिया र नियरइष्ट । |
| (Strumeta Species) | । |

(१५) सूर्यमुखी (Sun Flower)

डाउनी मिल्डयू तथा मोज्याक रेग भएका देशहरूबाट सूर्यमुखीको बीउ तथा बेर्ना पैठारी गर्न निषेध गरिएको छ ।

(१६) लेट्यस (Lettuce)

(क) लेट्यस मोज्याक भाइरस रेग भएका देशहरूबाट लेट्यसको बीउ तथा बेर्ना पैठारी गर्न निषेध गरिएको छ।

(१७) माटो तथा जरा भएका बिरुवाहरू

(क) कुनै पनि देशबाट माटो, कम्पोष्ट, हयूमस, फरेष्ट लिटर शडष्ट वा बिरुवा लाग्न सक्ने अन्य वस्तु नेपालभित्र पैठारी गर्न निषेध गरिएको छ तर बिरुवा सार्ने अरू उपाय नभएका जरा भएका बिरुवाहरूको प्रवेश थोरै मात्रामा गर्न दिइनेछ ।

(१८) गहुँ (Triticum Species)

(क) विनाशकारी रेग तथा कीराहरूको प्रवेश रोक्न कुनै पनि देशबाट गहुँको बेर्ना पैठारी गर्न निषेध गरिएको छ।

(ख) इयर ककल र डाउनी मिल्डुयू रेग फैलिएका देशहरूबाट गहुँको बीउ पैठारी गर्न निषेध गरिएको छ ।

(१९) जायन्ट अफ्रिकन स्नेल (Achatina Fulica) र अन्य चिप्लेकीराहरू

(क) जायन्ट अफ्रिकन स्नेल र अन्य चिप्ले कीराहरूको प्रवेश रोक्न प्रवेश केन्द्रमा बिरुवा, बिरुवा–उत्पादन, मेशीनरी औजार तथा यातायातको साधनहरूको जांच गरिनेछ र उपरोक्त कीराहरूबाट मुक्त पाइएमा मात्र पैठारी गर्न दिइनेछ ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.म. सचिव

593

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

898

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।